**तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८०।१२।२८ गतेको ५१ औं बैठकका निर्णयहरुः**

१. आर्थिक वर्ष २०८१/२०८२ को लागि लुम्बिनी प्रदेश समपूरक अनुदान तर्फ निम्न आयोजनाहरु ५० प्रतिशत रकम प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८ पहिलो संशोधनले तोकेको आधारमा गाउँपालिकाबाट व्यहोर्ने प्रतिवद्धता सहित प्रस्ताव गरी पठाउने निर्णय गरियो ।

**तपशिलः**

| क्र.सं. | आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | प्रदेश सरकारले व्यहोर्ने | गाउँपालिकाले व्यहोर्ने | जम्मा रकम | योजना संचालन प्रकृया |
|---|---|---|---|---|---|---|
| १ | ओखलढुङ्गा बुढीकोट ठाडे रितुङ सडक स्तरउन्नती | वडा नं. १ | ५० लाख | ५० लाख | १ करोड | उपभोक्ता समिति |
| २ | डुम्रे मस्याम पुग्दी सडक स्तरउन्नती | वडा नं. ६ | ५० लाख | ५० लाख | १ करोड | ठेक्का प्रक्रिया |

२. गाउँकार्यपालिका बैठकले यस बैठक भन्दा अगाडी गरेका विभिन्न निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा छलफल तथा समिक्षा गरियो ।

३. आर्थिक वर्ष २०८१/२०८२ को लागि लुम्बिनी प्रदेश विशेष अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७६ (पहिलो संशोधन, २०८० समेत) बमोजिम लुम्बिनी प्रदेश योजना आयोगको सचिवालयमा तपशिल अनुसारका योजना तथा कार्यक्रमहरु प्रस्ताव गरी पठाउने निर्णय गरियो ।

**तपशिलः**

| क्र.सं. | आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | लागत अनुमान रकम | योजना संचालन प्रकृया |
|---|---|---|---|---|
| १ | शिक्षा गुणस्तर सुधार कार्यक्रम | वडा नं. ३ | ४० लाख | नियमानुसार |
| २ | आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण | वडा नं. ४ | ४० लाख | नियमानुसार |

४. तिनाउ गाउँपालिकाको शिक्षा समितिले अनुमोदन गरी सिफारिश कार्यपालिकामा पेश भएको ततिनाउ गाउँपालिकाको शिक्षक दरबन्दी मिलान तथा विद्याललय समायोजना कार्यविधि, २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

५. तिनाउ गाउँपालिका वडा नं. १ को जनज्योती प्रा.वि. ठाडेमा कार्यरत प्रा.वि. शिक्षक श्री सीता छहरीलाई तिनाउ गाउँपालिका वडा नं. १ मा रहेको बेलचौर प्रा.वि.बेलचौरमा स्थानान्तरण गर्ने निर्णय गरियो ।